गोरखापत्र
# खेलकुद
■ २०७३ साल मङ्सिर ७ गते मङ्गलबार ■ 2016 November 22 Tuesday ■

थिरस्टार
श्रेष्ठ द्वै
फुटबल
जुनियर
खेलाडी
पुष्पाञ्ज
पुरस्कृत

# सोल्टी क्राउन प्लाजा गल्फ शनिबार




सोल्टी होटलका निर्देशक विजयबहादुर श्रेष्ठ सोमबार सोल्टी क्राउन प्लाजा गोल्डेन जुब्ली गल्फ प्रतियोगिताबारे जानकारी दिनुहुँदै। *तस्बिर : राजेन्द्र चित्रकार*

■ **गोरखापत्र समाचारदाता**

काठमाडौँ, मङ्सिर ६ गते। सोल्टी होटलले ५० वर्ष पुगेको अवसरमा सोल्टी क्राउन प्लाजा गोल्डेन जुब्ली गल्फ प्रतियोगिताको आयोजना गर्ने भएको छ। सोल्टी होटलले मङ्सिर १० गतेदेखि एक हप्ता सोल्टी क्राउन प्लाजाको स्वर्ण महोत्सव अन्तर्गत विभिन्न गतिविधि सञ्चालन गर्नेछ। सोही महोत्सव अन्तर्गत आगामी शनिबार एमेच्योर गल्फ हुन लागेको हो।

गोकर्ण फरेस्ट गल्फ रिसोर्टमा १८ होलमा हुने प्रतियोगिता स्ट्याबल तीन/चार संरचनामा खेलिनेछ। यसवर्ष पुरुष गल्फरलाई अधिकतम २४ र महिलालाई ३६ ह्यान्डिक्यापको अवसर मिल्नेछ। सोल्टी होटलका निर्देशक विजयबहादुर श्रेष्ठले सोमबार पत्रकार सम्मेलनमा यसवर्ष स्वर्ण जयन्तीका अवसरमा प्रतियोगितालाई पनि फराकिलो बनाइएको जानकारी दिनुभयो। विगतमा यो प्रतियोगितामा काठमाडौँका गल्फरको मात्र सहभागिता रहन्थ्यो। यसपालि देशव्यापी हुनेछ, पोखरा र धरानबाट पनि गल्फरले भाग लिनेछन् -उहाँले भन्नुभयो।

निर्देशक श्रेष्ठले बर्सेनि आयोजना हुने सोल्टी गल्फलाई पर्यटन प्रवर्द्धन र सामाजिक उत्तरदायित्वको इभेन्टका रूपमा लिएको बताउनुभयो। सोल्टी नेपालको गल्फको विकासमा प्रयासरत छ, यो प्रतियोगिता यसकै एक उदाहरण हो -निर्देशक श्रेष्ठले भन्नुभयो। प्रतियोगितामा करिब सयभन्दा बढी गल्फरको सहभागिता रहने अपेक्षा सोल्टी क्राउन प्लाजाका महाप्रबन्धक उपाउल मजुमदारले गर्नुभएको छ।